**लामखुट्टेबाट सर्ने रोगबाट बचौं**

- लामखुट्टेको टोकाइबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफ्लाइटिस जस्ता सङ्क्रामक रोग लाग्न सक्छ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं।
- घरवरिपरि पानी जम्न नदिऔं।
- घर तथा गोठवरिपरि सफासुग्घर राखौं।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं।

**लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० साउन ०८ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 July 24 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२४

# महानगरद्वारा घोषित खानेपानीको निशुल्क धारा जडानमा ढिलाइ

## डीप बोरिङ जडानमा प्रतिबन्ध, पिउने पानीको हाहाकार

प्रस, वीरगंज, ७ साउन/

वीरगंज महानगरपालिका अन्तर्गत ३२ वटा वडामा जडान भएका करीब चार हजारभन्दा बढी चापाकलमध्ये अहिले ९० प्रतिशतमा पानी आउन छाडेको छ। भूमिगत पानीको सतह घटेकोले अढाई महीनादेखि वीरगंज महानगरमा चापाकल सुकेर पिउने पानीको हाहाकार मचिएको छ।

महानगरपालिकाले दुई दशक अवधिमा ३२ वटा वडामा करीब चार हजारवटा चापाकल जडान गरेको थियो। तीमध्ये अहिले ९० प्रतिशत चापाकल सुकेकाले पिउने पानीको समस्या सिर्जना भएको हो। पिउने पानीको समस्या समाधानका लागि अहिले खानेपानी संस्थान अर्को विकल्पको रूपमा देखिएको छ। महानगरले ३२ वटै वडामा खानेपानी संस्थानका चार हजार धारा निश्शुल्क जडान गर्ने घोषणा गरेको थियो।

घोषणा गरेको डेढ महीना बित्दा पनि अहिलेसम्म यो अभियान शुरू भएको छैन। आम मानिस आफ्नो खर्चमा खानेपानी संस्थानबाट लाइन लिन व्यस्त छन्। मासिक पाँच सयको हाराहारीमा खानेपानी संस्थानका नयाँ धारा जडान भइरहेका छन्। पहिले मासिक २०–२५ वटा धारा मात्रै जडान हुन्थ्यो।

**डीप बोरिङमा रोक**

वीरगंज महानगरपालिकाले डीप बोरिङ जडानमा रोक लगाएको छ। चापाकल सुकेपछि महानगरले नै केही वडाहरूमा डीप बोरिङ जडान गरेर पानीको जोहो गरेको थियो। डीप बोरिङ वडा नं १ देखि ५, ७ गरी छवटा वडामा १० थान जडान गरेको थियो। यसैगरी, कन्या मावि, माईस्थान विद्यापीठ र श्रीपुर मावि गरी तीनवटा विद्यालयमा पनि डीप बोरिङ महानगरले जडान गरेको छ।

असार मसान्तमा जडान गरिएका डीप बोरिङ अहिले महानगर आफैंले बन्द गरेको छ। विद्यालयबाहेक अन्य ठाउँमा जडान भएका डीप बोरिङ महानगरले बन्द गराएको हो।

विज्ञको सल्लाहमा डीप बोरिङ जडान गर्दा वरिपरिको खानेपानीको स्रोत सुक्ने सल्लाह अनुसार डीप बोरिङ जडान कार्य बन्द गरिएको हो। महानगर स्वयंले डीप बोरिङ जडान गर्न शुरू गरेपछि वीरगंज महानगरमा व्यक्तिगतरूपमा डीप बोरिङ जडान कार्यले तीव्रता पाएको थियो। डीप बोरिङ जडानका लागि महानगरपालिकासँग इजाजत लिनुपर्ने प्रावधान रहे पनि धेरैले आफूखुशी जडान गरेका छन् भने कमैले मात्र इजाजत लिएका छन्। पैसा हुने थुप्रैले डीप बोरिङ जडान गरिरहेका छन्।

महानगरले पछिल्लो समयमा डीप बोरिङमा रोक लगाउँदै अटेर गर्नेलाई दण्ड जरिवाना पनि गरेको छ। वीरगंजमा निजी क्षेत्रका अस्पताल, अपार्टमेन्टहरू, उद्योग–प्रतिष्ठान र ठूलठूला उद्योगी–व्यापारीका घरमा डीप बोरिङ जडान गरिएका छन्। यसलाई नियन्त्रण गर्न महानगरले सकेको छैन।

**टयाङ्करबाट पानी वितरण**

चापाकल सुकेर पिउने पानीको समस्या भएका वडाहरूमा वीरगंज महानगरले दुई महीनादेखि टयाङ्करबाट पिउने पानी उपलब्ध गराउँदै आएको छ। पिउने पानीको समस्या भएका वडाहरूबाट माग भए अनुसार टयाङ्करबाट पानी उपलब्ध गराउँदै आएको महानगरले जनाएको छ। पिउने पानीको समस्या भएका वडा कार्यालयहरूमा अहिले स्थानीयहरूले पानीको माग गर्दै दैनिक विवाद गर्दै आएका छन्। आफूहरूलाई जसरी पनि पिउने पानी उपलब्ध हुनुपर्ने भन्दै उनीहरूले वडा कार्यालयमा धर्ना दिने गरेका छन्।

वडा नं १ का बासिन्दाले आज वडा कार्यालयमा पानीको माग गर्दै धर्ना दिए। उनीहरूले वडाबाट समस्या समाधान नभए महानगरपालिकामा धर्ना दिने चेतावनी दिएका छन्।



वडा नं १ का अध्यक्षसँग पानीको माग गर्दै वडावासी। तस्वीरः प्रतीक



वडा नं १० मा महानगरले जडान गरेको डीप बोरिङ। तस्वीरः फाइल



वीरगंज–१५ मा खानेपानी संस्थानको पाइप जोड्दै मजदूर। तस्वीरः प्रतीक

# बारा प्रहरीबाट कुटिएका यादव दिल्ली रेफर

## प्रनाउ र प्रनिको सरुवा

प्रस, परवानीपुर, ७ साउन/

बारा प्रहरीले कुटपिट गरेका दुईजना घाइतेमध्ये एकजना दिल्ली रेफर भएका छन्। वीरगंजस्थित स्पर्श हस्पिटलमा भर्ना भएका नेपाली काङ्ग्रेस, बाराका सचिव भैयाराम यादवको यहाँ उपचार सम्भव नभएपछि थप उपचारको लागि अस्पतालले दिल्ली रेफर गरेको छ।

साउन १ गते राति ८ बजे जिल्ला प्रहरी कार्यालय, बारामा सवारी दुर्घटनासम्बन्धी मुद्दाको पञ्चायती भइरहेको बेला बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुरुषोत्तम पाण्डे र प्रहरी निरीक्षक रूपेश साहले प्रहरी कार्यालयभित्रै सचिव यादव र नेकपा (एस)का नेता ध्रुव यादवलाई कुटपिट गरेका थिए। कुटपिटबाट सचिव यादवको मेरुदण्डमा समस्या आएपछि स्पर्शमा भर्ना गरिएको थियो।

घटनाको विरोधमा नेपाली काङ्ग्रेस, बाराको नेतृत्वमा विभिन्न राजनीतिक दलहरूले कलैयामा प्रहरीविरुद्ध धर्ना, प्रदर्शन गर्दै आएका छन्। उनीहरूले प्रहरी उपरीक्षक होबिन्द्र बोगटीको सरुवा र घटनाका आरोपी सूचना अधिकारी प्रनाउ पाण्डे र प्रनि साहलाई कारबाईको माग गर्दै आएका थिए।

यसैबीच, जिप्रका, बाराले घटनाका आरोपी प्रवक्ता पाण्डे र प्रनि साहलाई आइतवार सरुवा गरेको छ।

प्रहरी उपरीक्षक बोगटीले घटनाका आरोपी दुवैजनालाई सरुवा गरिएको जानकारी गराए।



डिएसपी पुरुषोत्तम पाण्डे, प्रहरी निरीक्षक रूपेश साह र घाइते भैयाराम यादव। तस्वीरः प्रतीक

# सर्भर बन्द, मालपोतको काम बन्द



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ७ साउन/

भूमिसुधार तथा मालपोत कार्यालय, पर्साको सर्भर अवरुद्ध हुँदा एक सातादेखि सेवाग्राहीहरूले सास्ती भोगिरहेका छन्।

वीरगंज महानगरपालिकाले आदर्शनगरस्थित होटल क्लासिक र कर्पोरेट डेभलपमेन्ट बैंक रहेको मुख्य नालामाथिको भवन भत्काउन शुरू गरेको दिन साउन ३ गते बुधवारदेखि मालपोत कार्यालय, पर्साको सर्भर डाउन भएको हो। डोजर लगाएर घर भत्काउने क्रममा आदर्शनगर क्षेत्रको विद्युत्, इन्टरनेट सेवा अवरुद्ध गरिएको थियो। क्लासिक होटल पूर्णरूपमा भत्काइसके पनि कर्पोरेट बैंक रहेको भवन शनिवारदेखि भत्काउन शुरू गरिएको र अहिलेसम्म जारी छ।

यो अवधिमा त्यस क्षेत्रमा विद्युत् र इन्टरनेट सेवा प्रभावित छ। सोही कारण भूमिसुधार तथा मालपोत कार्यालय, पर्साको सर्भर बन्द भएको र अहिलेसम्म खुल्न नसकेको नासु राजेश्वर साहले बताए। उनले इन्टरनेट सेवा प्रदायक कम्पनीले मरम्मत कार्य गरिरहेको र सर्भर खुल्नासाथ भूमिसुधार तथा मालपोत कार्यालयको कार्य पूर्ववत्रूपमा सुचारु हुने बताए।

अहिले एक हप्तादेखि सर्भर बन्द भएकोले भूमिसुधार तथा मालपोत कार्यालयको सम्पूर्ण सेवा अवरुद्ध छ। मालपोतबाट रोक्का, फुकुवा, जग्गा रजिस्ट्रेशनलगायतका कामहरू बुधवारदेखि पूर्णरूपमा रोकिएका छन्। भूमिसुधार तथा मालपोत कार्यालयको सम्पूर्ण सेवा अनलाइनमार्फत हुँदै आएकामा सर्भर बन्द हुँदा सेवाग्राहीहरूलाई मर्का परेको नासु साहले बताए।

# पर्साका १७७ उद्योग खारेज

प्रस, वीरगंज, ७ साउन/

पर्सा जिल्लामा एक हजार ८९ नयाँ उद्योग दर्ता भएका छन् भने १७७ वटा उद्योगको दर्ता खारेजी भएको छ। घरेलु तथा साना उद्योग कार्यालय, पर्सा वीरगंजकी सूचना अधिकृत सरिता खड्काले आव २०७९/८० मा एक हजार ८९ नयाँ उद्योग दर्ता भएका र १७७ वटा पुराना उद्योगको लगत कट्टा गरिएको बताइन्।

उनले सो आवमा एक हजार २७५ वटा उद्योगको नवीकरण गरिएको, १६५ वटा उद्योगको पूँजी वृद्धि गरिएको, ३३ वटा उद्योगको ठाउँसारी भएको, ३२ वटा उद्योगको नाम संशोधन भएको, छवटा उद्योगको शाखा विस्तार भएको, ८४ वटा उद्योगको नामसारी भएको र ३६ वटा उद्योगले उद्देश्य थप गरेको बताइन्।

सूचना अधिकारी खड्काले पर्सा जिल्लामा दर्ता भएका उद्योगहरूमध्ये ४५० वटा उद्योग महिलाबाट र ६५४ वटा उद्योग पुरुष उद्यमीबाट सञ्चालन भएको बताइन्। उनले यी उद्योगबाट एक हजार २१३ जना महिला र तीन हजार २४७ जना पुरुष प्रत्यक्ष रोजगारमा रहेका जानकारी गराइन्।




तस्वीरः फाइल

तस्वीरः फाइल

# एक महिलासहित ६५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ७ साउन/

इन्जिनीयर्स दिवस–२०८० को अवसरमा नेपाल इन्जिनीयर्स एशोसिएशन, वीरगंज केन्द्रले आयोजना गरेको रक्तदान कार्यक्रममा एक महिलासहित ६५ जनाले रक्तदान गरेका छन्।

एशोसिएशनका अध्यक्ष उमेशकुमार गुप्ताले रक्तदान गरी उद्घाटन गरेको कार्यक्रममा पप्पु गिरी, सोनु यादव, रोहण मन्सुर, तरुण कुमार, उदीतनारायण साह, धीरेन्द्रप्रताप सिंह, सञ्जीव कुमार, ऋतिककुमार सिंह, राजकुमार यादव, विवेक पटेल, अजीत चौहान, खुशी कुमारी, सुजीत कर्ण, वीरेन्द्र चौधरीलगायतले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए।

डेमोक्र्याटिक इन्जिनीयर्स नेपाल, मधेस प्रदेशका अध्यक्ष मनोजकुमार दासको संयोजकत्वमा सम्पन्न कार्यक्रममा भारतीय महावाणिज्यदूत नितेश कुमार, प्रियांशुकुमार गुप्ता, रविकुमार साहलगायतको सहभागिता थियो।



## विचारसार र सूक्तिहरू

**जाँच्ने हो भने कोही आफ्नो छैन, बुझ्ने हो भने कोही पराई छैन । थोरै बोल तर सबैथोक बताइदेऊ । आफू नरिसाऊ बरु सबैलाई हँसाइदेऊ । यही हो जिन्दगी ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# हात्ती छिर्ने रहेछ

**कुख्यात बिकिनी किलर चार्ल्स शोभराजले भनेका थिए–"नेपालको एयरपोर्ट भन्सारबाट हात्ती पनि छिराइदिन्छु ।" शोभराज आफै एक कुख्यात अपराधी रहेको हुँदा उनले आफूतिर दुनियाँको ध्यानाकर्षण गराउन वा स्टन्टका लागि यस किसिमको अभिव्यक्ति दिएको हुन सक्ने धेरैको अनुमान थियो । उनले हात्ती छिराउन सक्थे वा सक्दैनथे फरक विषय हो, तर त्यहाँबाट हुने तस्करीलाई उजागर गर्न उनको भनाइ पर्याप्त छ । यसको केही वर्षपछि साढे ३३ किलो सुनकाण्डले शोभराजको भनाइलाई पुनर्ताजगी गरायो । उक्त सुनकाण्ड छानबीनको क्रममा पत्ता लाग्यो कि साँढे चार वर्षको अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट एउटै गिरोहले ४२१ पटक विभिन्न परिमाणमा सुन भित्र्याएको रहेछ । सङ्गठित रूपमा सुन तस्करीको धन्धा चलाइरहेका चुडामणि उप्रेती (गोरे) को योजनामा यसरी भित्र्याइएको सुनको परिमाण ३८ क्विन्टल पुगिसकेको थियो । यो परिमाण सानो होइन । एउटा नेपाली रैथाने हात्तीको तौल सरदर ४५ क्विन्टल हुन्छ। तस्करी गर्ने एउटा मात्रै गिरोह थियो भन्न सकिन्न, अरू पनि कैयन गिरोह होलान् जसको गोपनीयता बाहिर आएको छैन । एयरपोर्ट भन्सार सुरक्षाकर्मीको मिलेमतोमा सुन भित्रिएको कुरा छानबीन प्रतिवेदनले देखाएकै हो । यसरी हेर्दा मुलुकको प्रमुख विमानस्थल भन्सारबाट दिनहुँजस्तै उल्लेखनीय परिमाणमा अवैध सुन नेपाल भित्रिरहेको रहेछ भन्ने पुष्टि भयो ।**

**साढे ३३ किलो सुनकाण्डले भन्सार कर्मचारीदेखि सुरक्षा अधिकारी, सरकार र राजनीतिक दलका नेताहरूलाई समेत जवाफ दिँदैमा चेतबाबा बनायो । अव त सुधार भयो होला भन्ने नागरिक अपेक्षा थियो । तर 'कुकुरको पुच्छर १२ वर्ष ढुङ्ग्रोमा राख्दा पनि बाङ्गोको बाङ्गै ।' अहिलेसम्मकै बरामदी रेकर्डलाई तोडदै बितेको बिहीवार १०० किलो सुन बरामद भयो । भन्सार चेक जाँचका सबै प्रक्रिया पूरा गरी बाहिरि इसकेको अवस्थामा प्रहरीले उक्त सुन बरामद गरेको हो । स्कूटरको 'ब्रेक शू' को नाममा भन्सार पास भएको पाइएको छ । यसले हाम्रो विमानस्थलको सुरक्षा अवस्था र तस्कर गिरोहको सेटिङ छर्लङ्ग भएको छ ।**

**कर्मचारी तथा सुरक्षाकर्मीको सहमतिबाहेक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध वस्तु भित्रिन वा बाहिरीन सक्दैन । यहाँ अन्तर्राष्ट्रिय मापदण्ड अनुसारका उपकरणहरू जडान गरिएका छन् । पाँच वर्ष पहिलेको स्थितिलाई नियाल्ने हो भने कुनैपनि यात्रुले ल्याएको सामान भन्सार कार्यालयका जाँचकीहरूले चेक गर्थे । यस्तो गर्दा असल नियत भएकाले पनि सबै सामान चिन्न र चेक गर्न सक्ने अवस्था थिएन । आफूले देख्न नसकेको भनेर जाँचकीले कुनै प्रतिबन्धित सामग्री छाडिदिन सक्ने सम्भावना पनि थियो । अहिले विमानस्थलमा लेजर मेशिन, होलबडी स्क्यानर, मेटल एक्सरे मेशिन, कार्गो मेशिनलगायत अत्याधुनिक उपकरणहरू छन् । सुनको घनत्व अन्य धातुको भन्दा बढी हुने भएकोले स्कूटीको ब्रेक शू र सुन मेटल एक्सरेले सहजै छुटचाइदिन्छ । बदमाशी नभए ९५ प्रतिशत तस्करी रोकिने, भन्सार विभागका अधिकारीहरूले उपकरण जडानको क्रममा विश्वास व्यक्त गरेका थिए । कुनै पनि नयाँ तस्करले पहिलोपटकमा नै यति ठूलो जोखिम उठाउने हिम्मत गर्न सक्दैन र सेटिङविना यत्रो तस्करी सम्भव पनि छैन । हुनत सुनको के कुरा, अहिले हात्ती नै नछिरेको भए पनि तस्कर समूहले चिम्पान्जी छिराएर देखाइदिएको छ हाम्रो विमानस्थलबाट ।**

# सच्चा श्रद्धाञ्जलि

स्वतन्त्र विचार



विनोद गुप्ता

**विपी स्मृति दिवसको यो पावन अवसरमा सबै काङ्ग्रेसजन र विशेषगरी केन्द्रीय कार्यसमितिमा सदस्यहरूले बैठकमा पस्दा स्मृति भवनको एक टुक्रा माटो हातमा लिई छातीमा हात राखेर आफ्नो भूमिका निर्वाह गरिदिए त्यो नेकाका जन्मदाता महामानवप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ ।**

विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्वलाई शब्दमा पस्किन त अत्यन्त कठिन छ तर सानो अवधिमा नेपाल तत्कालीन विश्वकै राजनीतिमा उनको योगदान अविस्मरणीय रहन गएको छ। सन् ४७ को भारतको स्वतन्त्रता आन्दोलनको सफलता र सानिन्ध्यबाट प्राप्त ऊर्जाबाट नै उनले नेपाली काङ्ग्रेस स्थापना गरी सन् १९५१ अर्थात् विसं २००७ सालमा नेपालको राणा शासनविरुद्ध सशस्त्र आन्दोलनको नेतृत्व गर्दै प्रजातन्त्र स्थापना गर्न सफलसमेत भए। प्रजातन्त्र स्थापित भए पनि नेपाली काङ्ग्रेसको संविधानसभाको मागको सम्बोधन राजा, राणा र काङ्ग्रेसमेतको संयुक्त सरकार रहेको कारण हुन नसकी अन्ततः २०१५ साल (सन् १९५९) मा आम निर्वाचन गराउन सफल भए र नेपाली काङ्ग्रेसको बहुमतको सरकार स्थापित भयो र १८ महीना नबित्दै यस प्रजातान्त्रिक सरकारलाई बर्खास्त गरी तत्कालीन राजा महेन्द्रले शासनभार स्वयं ग्रहण गरी पञ्चायती व्यवस्था लागू गरेको सबैलाई विदितै नै छ। तर १८ महीनाको काङ्ग्रेसको छोटो अवधिको शासनकालमा बिर्ता उन्मूलन गर्दै 'जसको जोत उसको पोत' भन्ने नारा दिंदै भूमिसुधार लागू गर्नुका साथै नेपालका मजदूरहरूको दयनीय अवस्थामा सुधार ल्याउन 'नेपाल कारखाना तथा कारखानामा काम गर्ने मजदूर ऐन २०१६' समेत निर्माण गरी लागू गरिएको हो।

१८ महीनाको अवधिमैं उनको प्रधानमन्त्रित्वकालमा भएको यो दुईवटा कालजयी निर्णयले नेपालको गरीब जनताको लागि उनी कति चिन्तित थिए भन्ने मात्र होइन, आफ्नो चिन्तालाई सार्थक तुल्याउन कतिसम्म जोखिम लिन सक्ने क्षमता उनमा थियो भन्ने कुरा पनि स्पष्ट गर्दछ। नेपालको भविष्यबारे उनी कति स्पष्ट थिए भन्ने कुरा नेकाको झन्डाबाट पनि स्पष्ट हुन्छ । नेकाको झन्डाको माथिल्लो रातो भाग राजनैतिक क्रान्ति, बीचको सेतो भाग शान्ति स्थापना र त्यसको तलको रातो भाग आर्थिक क्रान्तिको द्योतक हो भन्ने उनको मान्यता थियो। यसबाहेक झन्डामा रहेका चार ताराहरूले (१) प्रजातन्त्र (२) समाजवाद (३) धार्मिक स्वतन्त्रता र (४) भयबाट मुक्तिको प्रतीक र प्रत्येक तारामा रहेको पाँचवटा चोसो (चुच्चो) महात्मा गाँधीको ग्राम स्वराज मोडेलबाट परिकल्पना गरेर नेपालमा पनि यस्तै पञ्चायती राज स्थापना गरी शासन सञ्चालन गर्ने मार्गचित्र हो । समाजवादलाई अत्यन्त सरल भाषामा उनले प्रजातन्त्र+आर्थिक समानता= समाजवाद हुन्छ भन्दै नेपालको सन्दर्भमा समाजवाद भनेको प्रत्येक गरीबको घरमा आफ्नो परिवारको शिक्षा–दीक्षा तथा उपचार खर्च धान्न सक्ने गरी कम्तीमा एक वा दुईवटा दुहुनो गाई हुनु हो भन्ने वाक्यांशले नै नेपालको गरीब जनताको अवस्था र उत्थानबारे उनको सोच उजागर गर्दछ ।

नेपाली काङ्ग्रेसको चुनावचिह्न रूख रहेको छ यसले एकातिर उनका अनुयायीहरू वातावरण संरक्षणप्रति कति संवेदनशील हुनुपर्छ भन्ने सन्देश दिन्छ भने अर्कोतर्फ गाउँघरमा हुने सबै सामूहिक कार्यहरू एउटा ठूलो रूखको छायामा गरिनुका साथै गाउँघरमा चौपाल वा भेटघाट एवं कुराकानी गर्ने थलोको रूपमा पनि प्रयोग हुने भएकोले संवाद केन्द्रको रूपमा पनि ग्रामीण परिवेशको महत्त्वलाई सार्थकता प्रदान गर्दछ। २०१७ मा अपदस्थ गरी प्रजातन्त्रको हरणपश्चात् लामो समय भारतमा निर्वासित जीवन बिताउँदै प्रजातन्त्र स्थापनाको लागि सशस्त्र सङ्घर्षको नेतृत्व गरिरहँदा अन्तर्राष्ट्रिय राजनीतिमा देखा पर्न थालेको परिवर्तनको सङ्केतको पष्ठभूमिमा सशस्त्र सङ्घर्षबाट देशको राष्ट्रियता कमजोर हुने आकलन गर्दै २०३३ सालमा राजा र मेरो घाँटी सँगै बाँधिएको छ भन्दै तमाम काङ्ग्रेसी नेताहरूको असन्तुष्टिको बावजूद 'राष्ट्रिय मेलमिलाप'को नीति लिएर नेपाल प्रवेश गरे । उनले चालेको यो कदम नै देशमा जनमत सङ्ग्रह गराउने आधार बन्न पुग्यो र जनमत सङ्ग्रहमा बहुदलीय तथा सुधारिएको पञ्चायतबीच भएको चुनावमा अनेक धाँधली एवं सरकारीतन्त्रको खुला दुरुपयोग भए पनि परिणामलाई सहर्ष स्वीकार गरे जसले नेपालमा प्रजातन्त्र पुनर्स्थापनाको बीजारोपण गऱ्यो । यस्ता महान् व्यक्तित्वलाई शत्शत् नमन !

नेपालमा सन् १९९० अर्थात् विसं २०४६ सालमा नेकाकै नेतृत्वमा पुनः प्रजातन्त्र स्थापनाको लागि जनान्दोलन भयो र प्रजातन्त्र स्थापित त भयो तर त्यो हेर्न विपी जीवित थिएनन् । २०४६ मा प्रजातन्त्रको स्थापनापश्चात् विपीको सानो सुन्दर हुन्छ भन्ने मान्यतालाई छाड्दै नेकाको सरकारले पनि उदारीकरणको नीति अख्तियार गऱ्यो जसमा कृषि क्षेत्र त पूर्णतया उपेक्षित नै रहन पुग्यो । यो उदारीकरणले व्यवसाय एवं सेवा क्षेत्रलाई अत्यन्त सबल बनायो तर औद्योगिक क्षेत्र पूर्णरूपमा धराशायी बन्न पुग्यो तथा पुरानो पुस्ताको समाप्तिपछि भ्रष्टाचारले पनि स्थान पाउँदै गएको फलस्वरूप नेपालमा २०५२ सालदेखि माओवादी आन्दोलन जन्मिन पुगेको भनिन्छ । हुनत यसबाहेक राष्ट्रिय र अन्तर्राष्ट्रिय कारणहरू पनि छन् तर तीमध्येको एउटा कारण यो पनि हो । त्यस पछाडि माओवादीसँग भएको १२ बुँदे सम्झौता र राजा ज्ञानेन्द्रको शासनको अन्त्य पनि नेकाकै नेतृत्वमा भए पनि काङ्ग्रेसले फर्केर विपीको बाटो कहिले फेरि समात्न सकेन ।

स्व विपी कोइरालालाई श्रद्धासुमन अर्पण गर्न लेखिरहँदा एउटा गजबको संयोग के जुरेको छ भने नेकाको केन्द्रीय समितिको बैठक चलिरहेको छ। बैठकमा १० बुँदे एजेन्डा तय भए पनि बोल्ने अधिकांश सदस्यले कि त प्रम अथवा भनौं संस्थापन पक्षको कि इत्तर पक्षको समर्थन वा विरोधमा बोलिरहेका छन् । १० बुँदे एजेन्डामा केन्द्रित भएर आफ्नो गहन विचार राखेर काङ्ग्रेसलाई राम्रो बाटोमा डोऱ्याउनुको सट्टा संस्थापन र इतर पक्षबीच काङ्ग्रेस अड्किएको अनुभूति हुँदैछ। प्रजातान्त्रिक दलमा गुट, उपगुट हुनु स्वाभाविक हो तर सबैको लक्ष्यमा हुनुपर्ने एकरूपता भने काङ्गेसबाट हराएको देखिंदैछ । देश आज आर्थिकरूपमा सङ्कटग्रस्त छ, शिक्षाको गुणस्तरीयता र अवस्था दुवै खस्कँदो छ, कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान १० प्रतिशतबाट घटेर ५ प्रतिशतमा झरेको छ भने सरकार आयातबाट कर उठाउने र विप्रेषणबाट देश चलाउने मनस्थितिमा रहेको देखिन्छ। सामाजिक न्यायको क्षेत्रमा सरकार एवं पार्टी दुवैको धारणा स्पष्ट छैन भने समावेशीकरण, विशेषगरी राजनीतिमा आसेपासे उद्योग बन्दै गएकोतर्फ सार्थक चिन्तन मनन भएको देखिएको छैन ।

यही अवस्था रहेमा केन्द्रीय कार्यसमितिको यो बैठक पनि सदस्यहरूको भावावेग शान्त (emotionally defuse) गर्ने एउटा माध्यम मात्र बन्न पुग्नेछ जुन मिसन २०८४ को लागि अत्यन्त खतरनाक सङ्केत हुनेछ । एक त समानुपातिक प्रणालीका अनुसार कुनै पनि दलको स्पष्ट बहुमत आउने अवस्था अत्यन्त जटिल छ त्यसमा पनि काङ्ग्रेसको भोट भण्डार तराई–मधेस अब यस्तै चालाले उर्वर बन्न सक्ने अवस्था नरहने भए पनि फेरि पार्टी र देश दुवैको नियति घुमिफिरी रूम्जाटार भनेजस्तै हुने अवस्था नआओस् भन्नेबारे विपी स्मृति दिवसको यो पावन अवसरमा सबै काङ्ग्रेसजन र विशेषगरी केन्द्रीय कार्यसमितिमा सदस्यहरूले बैठकमा पस्दा स्मृति भवनको एक टुक्रा माटो हातमा लिई छातीमा हात राखेर आफ्नो भूमिका निर्वाह गरिदिए त्यो नेकाका जन्मदाता महामानवप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ। अन्यथा यो पनि प्रत्येक वर्षको एक दिन गरिने वृक्षारोपण पछि कति उम्रे, उम्रेनन् भनेर हिसाब नराख्ने हाम्रो आचरणसरह नै हुनेछ ।

# 'रोपाइँ गर्न ढिलाइ भइसक्यो, खेतमा पर्याप्त पानी छैन'

– राजु विश्वकर्मा

पोर्ताहा (धनुषा), ७ साउन/रासस

कमला नदीमा पानीको सतह कम हुँदा सिरहा र धनुषाका किसानलाई सिंचाइ गर्न समस्या भएको छ। कमला नदीमा पानीको सतह घट्दा कमला सिंचाइ व्यवस्थापन कार्यालय, धनुषाले निर्माण गरेको कमला सिंचाइ नहर प्रणालीमा पर्याप्त पानी पुग्न सकेको छैन। "धान रोपाइँ गर्न ढिला भइसक्यो, तर खेतमा पर्याप्त पानी पुग्न सकेको छैन"–धनुषाका किसान अमोद यादव भन्छन्–"वर्षा कम भए पनि अघिल्लो वर्ष हामीले कमला नदी प्रणालीबाटै सिंचाइ गरेर धान रोपाइँ गऱ्यौं।" तर अहिले कमला नदीमा पानीको सतह घटेर खेतसम्म पानी पर्याप्त पुग्नै सकेको छैन, यसका कारण खेती गर्न ठूलो समस्या भएको उनको भनाइ छ।

"पहिले–पहिले असार, साउन र भदौ महीनामा कमला नदीमा ठूलो बाढी नै आउँथ्यो"–सिरहाको औरहीका किसान राघव साह भन्छन्–"हामी कमला सिंचाइको नहरबाटै सिंचाइ गरेर धान रोपाइँ गर्दथ्यौं, तर पछिल्लो केही वर्षदेखि कमला नदीमा पानीको बहाव घट्दै गएको छ, नहरमा पनि चाहिएजति पानी आउँदैन।" पानीकै अभावमा अघिल्लो वर्ष पनि हामीले खडेरीको मार खेप्यौं, यसपालि त झन् ठूलो समस्या खेप्नुपर्ने देखिन्छ"–उनको दुःखेसो थियो।

धानखेतीका बेला पानीको अत्यधिक माग भए पनि कमला नदीमा पानीको बहाव घटेर नहरमा पानी कम आउन



थालेपछि किसान चिन्तामा डुबेका छन्। "एकातिर लामो समयदेखि वर्षा भएको छैन, अर्कातिर नहरमा चाहेजति पानी आएको छैन"–राष्ट्रिय सिंचाइ जल उपभोक्ता महासङ्घका अध्यक्षसमेत रहेका धनुषाका किसान गजाधर यादव भन्छन्–"यस्तो अवस्थामा किसानले कसरी सिंचाइ गर्छ र धान रोपाइँ गर्छ ? यो ठूलो प्रश्न र चिन्ताको विषय बनेको छ।" विश्वव्यापीरूपमा देखिएको जलवायु परिवर्तनको प्रभावका कारण इतिहासमैं पहिलोपटक यस वर्ष कम वर्षा भएर नदीमा पानीको बहाव कम हुँदै गएको उनको कथन छ।

"कमला नदीमा पानीको बहाव कम हुनु किसानका लागि असाध्यै चिन्ताको कुरा हो"–उनी भन्छन्–"सिंचाइका लागि कमला नदीमा पर्याप्त पानी आवश्यक छ, वर्षैभरि कमला नदीमा पानी ल्याउन तत्काल सुनकोशी–कमला डाइभर्सनको काम तत्काल अघि बढाउनुबाहेक विकल्प छैन।" सुनकोशीबाट कमला नदीमा पानी झार्न सकिए वर्षभरि कमला नदीमा पानी आउँछ, यसबाट सिरहा, धनुषा र सप्तरीमा सिंचाइ सुविधा पुग्ने उनको दाबी छ।

अहिले कमला नदीमा पानीको सतह कम भएर सिंचाइ नहरमा पानी पर्याप्त नआउँदा कतिपय ठाउँमा किसानबीच कुटाकुटसमेत हुने गरेको छ । कमला सिंचाइ नहर प्रणालीमा कम पानी आउँदा किसानबीच पहिले म खेतमा पानी हाल्छु त पहिले म हाल्छु भन्दै झडप र कुटपिटसमेत हुन थालेपछि कमला सिंचाइ व्यवस्थापन कार्यालय धनुषाले आलोपालो विधिबाट किसानको खेतमा पानी पठाउन थालेको छ ।

"पानीका विषयमा कतिपय ठाउँमा किसानबीच विवाद हुने र कुटपिटसमेत हुने गरेको पाइएकोले अहिले आलोपालो गरेर पानी पठाउन थालेका छौं"–कमला सिंचाइ व्यवस्थापन कार्यालय, धनुषाका प्रमुख वीरेन्द्रकुमार यादवले भने–"अहिले पानीको माग धेरै छ, तर नहरमा कम पानी आइरहेको छ, यस्तो अवस्थामा आलोपालोबाट पानी नपठाउनेबाहेक हामीसँग कुनै विकल्प छैन, अहिले आलोपालो गर्दा पुछारका किसानले पनि पानी पाइरहेका छन्, नत्र पहिले मुहानका किसानले मात्र पानी पाउने र पुछारका किसानले पानी नै नपाउने अवस्था थियो"–उनले भने ।

"साधारणतया कमला नदीमा पानीको स्तर बढ्दा किसानलाई सिंचाइ गर्न सहज हुन्छ तर अहिले नदीमा पानी नै छैन"–प्रमुख यादव भन्छन्–"पूर्वी र पश्चिम नहर प्रणालीका कारण दुवै जिल्लातर्फ सिंचाइको पहुँच पुगेको त छ, तर वर्षा नै नभएपछि नदीमा पानी छैन, जसले गर्दा किसानलाई सिंचाइ गर्न समस्या भएको हो ।"

नहरमा पानी कम आउँदा पनि अचेल रातदिन खटेर किसानको खेतमा पानी पुऱ्याइरहेको प्रमुख यादव बताउँछन् । निर्माण गरिएको कमला सिंचाइ पूर्वी र पश्चिमी नहर प्रणालीबाट सिरहा र धनुषाको करीब २५ हजार हेक्टर क्षेत्रमा सिंचाइ हुँदै आएको छ। विगतका वर्षमा वर्षा नहुँदा धनुषा, सिरहा, महोत्तरी र सप्तरीका अधिकांश खेतीयोग्य जग्गा बाँझो रहने समस्या दृष्टिगत गरी कमला नदीबाट सिंचाइ गर्न विभिन्न पूर्वाधार निर्माण गरिएको प्रमुख यादवको भनाइ छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# लम्पी स्किनको प्रभाव : ११ सय पशुचौपायाको मृत्यु, ३३ हजार सङ्क्रमित

खलङ्गा, ७ साउन/रासस

'लम्पी स्किन' रोगको सङ्क्रमणबाट दार्चुलामा हालसम्म एक हजार १६९ पशुचौपाया मरेका छन् ।



तस्वीरः फाइल

लम्पी स्किनको सङ्क्रमण ३३ हजार ३३० पशुचौपायामा पुष्टि भएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, दार्चुलाका सूचना अधिकारी खेमराज भट्टले जानकारी दिए ।

उनका अनुसार दार्चुलाका नौवटा स्थानीय तहमा १४३ बाछाबाछी, ३७८ गाई, ८२२ गोरु र २६ भैंसी मरेका छन् । त्यस्तै, चार हजार ९५१ बाछाबाछी, १४ हजार २९५ गाई, १३ हजार ७०५ गोरु र ३६९ भैंसी सङ्क्रमित भएका छन् ।

लम्पी स्किन विशेषगरी गोरु, साना बाछाबाछी, गाई र भैंसीमा बढी देखा परेको छ । यो रोगबाट धमाधम पशुचौपाया मर्न थालेपछि दार्चुलाका किसान चिन्तित बनेका छन् ।

"रोग निकै फैलिएको छ, पशु चौपायाले समयमैं उपचार पाएका छैनन्, गाउँमा अहिलेसम्म कुनै पनि पशु प्राविधिक आएका छैनन्," दुई दिनअघि एक हल गोरु र एउटा लैनो भैंसी मरेको भन्दै शैल्यशिखर नगरपालिका–६ का किसान राम धामीले गुनासो गरे ।

भेटेरिनरी अस्पताल दार्चुलाका पशु विकास अधिकृत दिगम्बर जोशीका अनुसार झिंगा, भुसुना, लामखुट्टे र विभिन्न कीराको टोकाइबाट फैलिने यस रोगको सङ्क्रमणले पशुमा ज्वरो आउने, फोका निस्कने, गाँठागुठी आउने, पशुवस्तुलाई कमजोर बनाउने लक्षण देखा पर्छन् ।

यो रोगको खोप भर्खरै नेपालमा आइपुगेको भएपनि सुदूरपश्चिममा पुग्न केही समय लाग्ने जोशीले बताए । जैविक सुरक्षामा ध्यान दिएन भने यसले झन विकराल समस्या देखिन सक्ने उनको भनाइ छ ।

यो रोगको सङ्क्रमण फैलिन नदिन गोठवरपर सफा गर्ने, जैविक सुरक्षामा ध्यान दिने, अन्य पशुसँग नराख्ने, चरनमा नलैजाने, पशु वस्तुको रोगसँग लड्ने क्षमता बढाउन खोप लगाउनुपर्ने पशुविज्ञहरूको भनाइ छ ।

**लम्पी स्किनको महामारी रोक्न निश्शुल्क खोप गोठगाठमैं प्राविधिक टोली**

महामारीको रूपमा फैलिएको लम्पी स्किन रोग रोकथामका लागि चाँगुनारायण नगरपालिकाले खोप तथा उपचार अभियान सञ्चालन गरेको छ ।

कृषि क्षेत्रमा आधारित चाँगुनारायण नगरपालिकामा कृषि र पशुपालनमा आत्मनिर्भर यहाँका अधिकांश किसानको गाईपालन रहेको र यहाँका ८० प्रतिशत गाई लम्पी स्किनबाट प्रभावित भएपछि नगरपालिकाले खोप तथा उपचार अभियान शुरू गरेको हो ।

नगरपालिकाका प्रमुख जीवन खत्रीले यहाँका अधिकांश बासिन्दाको घरघरमा गाईभैंसी पालन रहेकामा अधिकांशको घरमा लम्पी स्किन रोगले गाई बिरामी हुने र मर्न थालेपछि नगरपालिकाले अभियान सञ्चालन गरेको बताए ।

"एक महीनाअगाडिदेखि नै यो रोगको महामारी फैलिएको थियो, हाम्रोतर्फबाट रोग नियन्त्रणका लागि सक्दो प्रयास गर्‍यौं, यहाँका ८० प्रतिशत गाई यो रोगबाट प्रभावित भएका छन्," नगरप्रमुख खत्रीले भने, "लम्पी स्किन फैलिनबाट रोक्न र उपचार गर्न हामीले

(बाँकी अन्तिम पातामा)

# बैंक तथा वित्तीय संस्थाले क्षेत्रगत र विपन्न वर्ग कर्जाको लक्ष्य पुर्‍याए

काठमाडौं, ७ साउन/रासस

बैंक तथा वित्तीय संस्थाहरूले क्षेत्रगत कर्जा र विपन्न वर्ग कर्जा विस्तारमा वार्षिक लक्ष्य पूरा गरेका छन् ।

नेपाल राष्ट्र बैंकले समयावधि तोकेर उनीहरूलाई क्षेत्रगत कर्जा र विपन्न वर्ग लक्षित वर्ग कर्जाको लक्ष्य हासिल गर्न निर्देशन दिएको थियो । राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई गत असार मसान्तसम्ममा उनीहरूले गरेको कुल कर्जा लगानीको न्यूनतम ११ प्रतिशत कृषि क्षेत्रमा, छ प्रतिशत ऊर्जा क्षेत्रमा र ११ प्रतिशत लघु, घरेलु, साना एवं मझौला उद्यमको क्षेत्रमा प्रवाह गरिसक्न भनेको थियो ।

राष्ट्र बैंकले आइतवार सार्वजनिक गरेको चालू आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लेख भएका विवरण अनुसार वाणिज्य बैंकहरूले उक्त लक्ष्य पूरा गरेको देखिएको छ ।

गत जेठ मसान्तमा वाणिज्य बैंकहरूबाट प्रवाह भएको कुल कर्जामध्ये कृषि क्षेत्रमा १३ दशमलव एक प्रतिशत अर्थात रु पाँच खर्ब ५२ अर्ब ९९ करोड कर्जा प्रवाह भएको छ ।

त्यस्तै, ऊर्जा क्षेत्रमा कुल कर्जाको छ दशमलव आठ प्रतिशत अर्थात् रु दुई खर्ब ८६ अर्ब ७७ करोड र लघु, घरेलु, साना एवं मझौला उद्यमका क्षेत्रमा नौ दशमलव नौ प्रतिशत अर्थात् रु चार खर्ब १८ अर्ब ३६ करोड कर्जा प्रवाह भएको छ ।

त्यसैगरी, विकास बैंकहरूलाई २०८० असार मसान्तसम्ममा कुल कर्जा लगानीको १६ प्रतिशत कर्जा कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा प्रवाह गर्न भनिएको थियो । गत जेठ मसान्तसम्ममा विकास बैंकबाट कृषि, लघु, घरेलु तथा साना उद्यम–व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा कुल कर्जाको २४ दशमलव नौ प्रतिशत अर्थात् रु एक खर्ब १३ अर्ब १८ करोड कर्जा प्रवाह भएको छ ।

वित्त कम्पनीहरूले २०८० असार मसान्तसम्म कुल कर्जा लगानीको ११ प्रतिशत कृषि, लघु, घरेलु तथा साना





तस्वीरः फाइल

उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकामा गत जेठ मसान्तसम्ममा वित्त कम्पनीबाट यस्तो क्षेत्रमा २२ दशमलव तीन प्रतिशत अर्थात् रु १९ अर्ब ६५ करोड लगानीमा छ ।

बैंक तथा वित्तीय संस्थाले आफ्नो कुल कर्जा सापटको न्यूनतम पाँच प्रतिशत कर्जा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था छ । वाणिज्य बैंकहरूबाट प्रवाह भएको कुल कर्जा सापटमध्ये २०८० जेठ मसान्तमा औसत छ दशमलव एक प्रतिशत अर्थात् रु दुई खर्ब ६० अर्ब ८४ करोड कर्जा विपन्न वर्गमा गएको छ ।

त्यसैगरी, विकास बैंकहरूबाट यस क्षेत्रमा नौ दशमलव एक प्रतिशत अर्थात् रु ४२ अर्ब ३२ करोड र वित्त कम्पनीहरूबाट छ दशमलव एक प्रतिशत अर्थात् रु पाँच अर्ब ६५ करोड कर्जा लगानी भएको छ ।

नेपाल सरकारबाट ब्याज अनुदान उपलब्ध गराइएको सहुलियतपूर्ण कर्जामध्ये २०८० जेठ मसान्तमा एक लाख ४७ हजार ५१० ऋणीलाई रु दुई खर्ब तीन अर्ब १० करोड कर्जा लगानीमा रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

कृषिलगायतका उत्पादनशील क्षेत्र, लघु उद्यम, निर्यात र कोभिड महामारीबाट प्रभावित क्षेत्रमा प्रवाहित कर्जालाई उपलब्ध गराइएको पुनर्कर्जा गत जेठ मसान्तसम्ममा रु एक अर्ब ९६ करोड लगानीमा रहेको छ ।

राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालू आवको मौद्रिक नीतिमा कर्जा प्रवाहको वर्तमान अवस्थासमेतको विश्लेषणका आधारमा तोकिएका क्षेत्रमा कर्जा लगानी गर्नुपर्नेसम्बन्धी विद्यमान व्यवस्थामा आवश्यक पुनरावलोकन गर्ने जनाएको छ ।

**शेयर धितो कर्जाको जोखिम भार कति तोक्ने भन्नेमा हामी स्पष्ट छौं- गभर्नर अधिकारी**

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले शेयर, घरजग्गा र सवारीसाधन धितो कर्जाको जोखिम भार कति संशोधन गर्ने भन्नेमा राष्ट्र बैंक स्पष्ट रहेको बताएका छन् ।

आज चालू आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिबारे आयोजित पत्रकार सम्मेलनमा बोल्दै गभर्नर अधिकारीले यस्ता प्रकृतिका धितो कर्जाको जोखिम भारसम्बन्धी विद्यमान थ्रेसहोल्ड संशोधन गरिने बताएका हुन् । चालू आर्थिक वर्षको मौद्रिक नीतिमा 'शेयर धितो कर्जा, घरजग्गा कर्जा तथा सवारीसाधन कर्जाका विद्यमान जोखिम भारसम्बन्धी

(बाँकी पाँचौं पातामा)

# पूँजीबजारमा मौद्रिक नीतिको सकारात्मक प्रभाव, ६३.२४ अङ्कले बढ्यो नेप्से

काठमाडौं, ७ साउन/रासस

नेपाल राष्ट्र बैंकले आइतवार चालू आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीति जारी गरेसँगै त्यसको सकारात्मक प्रभाव पूँजीबजारमा देखिएको छ ।

चालू आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाको नीतिगत दर तथा निक्षेप सङ्कलन बोलकबोल दर घटाएका छन् भने नगद अनुपात र वैधानिक तरलता अनुपातलाई यथावत् राखेको छ ।

बैंकदर यथावत् राख्ने, ब्याजदर करिडोरको तल्लो सीमामा स्थायी निक्षेप सङ्कलन सुविधा उपलब्ध गराउने र शेयर धितो कर्जाका विद्यमान जोखिम भारसम्बन्धी व्यवस्था पुनरावलोकन गर्ने विषय पनि मौद्रिक नीतिमा राखिएको छ । उक्त नीतिका कारण ब्याजदर घट्ने अनुमान गरिएको छ ।

मौद्रिक नीतिमा यस्ता व्यवस्था आएसँगै पूँजीबजारका लगानीकर्ता उत्साहित भएका छन् । आज नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ६३ दशमलव २४ अङ्कले बढेर दुई हजार २२७ दशमलव १६ अङ्कमा कायम भएको छ । यो दुई दशमलव ९२ प्रतिशतको वृद्धि हो । आज २६६ कम्पनीका एक करोड २० लाख दुई हजार ३०८ कित्ता शेयर ७५ हजार ८६ पटक खरीद–बिक्री हुँदा रु चार अर्ब ३७ करोड ५१ लाख ९६ हजार २३२ बराबरको कारोबार भएको छ । सबै समूहको उपसूचकमा आज उच्च अङ्कको वृद्धि देखिएको छ ।





सबैभन्दा धेरै विकास बैंक समूह १९५ दशमलव ३६ र होटल तथा पर्यटन समूह १७७ दशमलव २२ अङ्कले बढेका छन् । बैंकिङ ६५ दशमलव ५६, वित्त ३३ दशमलव ५१, जलविद्युत् ४० दशमलव ७७ र लगानी समूह दुई दशमलव ५५ अङ्कले बढेका छन् ।

त्यस्तै, जीवन बीमा समूह १२५ दशमलव ५१, उत्पादन तथा प्रशोधन समूह ९२ दशमलव १५, लघुवित्त समूह ४९ दशमलव ६५, म्युचुअल फन्ड शून्य दशमलव ०८, निर्जीवन बीमा १५८ दशमलव ११, व्यापार १२१ र अन्य समूह २२ दशमलव ३४ अङ्कले बढेका छन् ।

आजको कारोबारमा किसान लघुवित्त वित्तीय संस्था लिमिटेड र चन्द्रागिरी हिल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने एनआइबिएल ग्रोथ फन्डको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु १४ करोड ८१ लाख ५९ हजार ३७ बराबरको कारोबार भएको छ ।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै ग्लोबल आइएमई बैंक लिमिटेडको पाँच लाख ७० हजार ७५१ कित्ता शेयर किनबेच भएको छ ।



**इनारको सफाइः** पानीको हाहाकार भएपछि वीरगंज महानगरपालिका–११ का बासिन्दाहरू गाउँको पुरानो इनार सरसफाइ गर्दै । तस्वीरः नितेश कर्ण

# हिन्दी भाषालाई सरकारी कामकाजको मान्यता दिन माग

जनकपुरधाम, ७ साउन/रासस

हिन्दी भाषालाई सरकारी कामकाज र सम्पर्क भाषाको मान्यता दिन





तस्वीरः रासस

सरोकारवालाले माग गरेका छन् ।

त्रिभुवन विश्वविद्यालय हिन्दी केन्द्रीय विभागले शनिवार जनकपुरधाममा आयोजना गरेको 'मधेसको राजनीतिमा हिन्दी भाषाको अन्तरसम्बन्ध' विषयक परिचर्चा कार्यक्रममा सरोकारवालाले मधेसमा धेरै पहिलेदेखि नै बोलिने हिन्दी भाषा अधिकांशका सम्पर्क भाषाको रूपमा रहेकोले सरकारले हिन्दीलाई कामकाजको भाषाको मान्यता दिनुपर्ने बताए ।

कार्यक्रममा सङ्घीय सरकारका शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिलाकुमारी यादवले हिन्दी भाषाले विगतदेखि नै नेपाल र भारतबीच सम्बन्ध जोड्न महत्त्वपूर्ण भूमिका खेल्दै आएकोले यसलाई सम्पर्क भाषाको मान्यता दिनु अपरिहार्य रहेको बताइन् । मधेसभित्र नागरिक तह र राजनीतिकरूपमा दुई देशबीच महत्त्वपूर्ण सन्देश आदान–प्रदानका लागि हिन्दीले महत्त्वपूर्ण योगदान पुर्‍याएको उनको भनाइ थियो ।

सांसद रेखा यादव र किरणकुमार साहले मधेसमा हिन्दी भाषा सूचना, भावना र विचार तथा अभिव्यक्तिको सहज माध्यमका रूपमा रहेकोले सरकारले उचित मान्यता दिन सदन र सरकारलाई दबाब दिने धारणा व्यक्त गरे । मधेस प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडीले पनि दुई देशबीच नागरिकस्तरमा रहेको सम्बन्धलाई थप मजबूत गर्न र मधेसभित्रै धेरै नागरिकको सम्पर्क भाषाका रूपमा हिन्दी नै रहेकोले यसलाई उचित सम्मान दिन सरकारलाई आग्रह गरे ।

त्रिवि हिन्दी केन्द्रीय विभाग कीर्तिपुरका विभागीय प्रमुख डा सङ्गीता वर्माले नेपालमा भाषा तथा शिक्षाको प्रचार–प्रसार र राजनीतिक पुनर्जागरणका लागि हिन्दी भाषाको अतुलनीय योगदान रहेकोले सरकारले यसलाई उचित महत्त्व दिन आवश्यक रहेको बताइन् । उनले भाषा, साहित्य र शिक्षाको विकास, विस्तारका साथै खुला सिमानाका कारण मधेस तथा अन्य क्षेत्रमा सामाजिक, संस्कृतिक सम्बन्ध सदृढ गर्न पनि हिन्दी भाषाको योगदान नकार्न नसकिने बताइन् ।

"नेपालमा प्रजातान्त्रिक जागरण ल्याउन हिन्दी भाषा र साहित्यको असाधारण योगदानबारे हामी सबै जानकार छौं । इसं १९५१ सम्म त हिन्दी नेपालमा शिक्षा र प्रशासनिक भाषाको रूपमा थियो"–उनले भनिन्–"अहिले पनि वाणिज्य, व्यापार, सञ्चार, मनोरञ्जन तथा शिक्षामा निकै प्रभाव र महत्त्व छ । त्यसैले यसको वैधानिक प्रयोगलाई सबै तह र क्षेत्रमा मान्यता दिन आवश्यक छ । म यसमा सबैको ध्यानाकर्षण गर्न चाहन्छु ।"

कार्यक्रममा हिन्दी भाषाका अभियानकर्ता सुदर्शनलाल कर्ण, साहित्यकार पूनम झा, प्राध्यापक चन्द्रेश्वरप्रसाद यादव, आभा सिन्हालगायतले हिन्दी भाषालाई भारतीय भाषाका रूपमा नभई ठूलो सङ्ख्यामा रहेका नेपालीहरूको सम्पर्क भाषाका रूपमा बुझ्न आग्रह गरे ।

त्रिवि केन्द्रीय विभागले हिन्दी भाषालाई औपचारिकरूपमा मान्यता दिएर पठनपाठन गरिरहे पनि नागरिक र राजनीतिक तहमा यो भाषाप्रतिको बुझाइलाई थप मजबूत बनाउन विभागले सातै प्रदेशमा परिचर्चा गर्न लागेको हिन्दी विभागमा प्राध्यापनरत विनोदकुमार विश्वकर्माले जानकारी दिए ।

# यस्ता छन् मौद्रिक नीतिका सात लक्ष्य

काठमाडौं, ७ साउन/रासस

नेपाल राष्ट्र बैंकले आइतवार सार्वजनिक गरेको चालू आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिमा विभिन्न सातवटा लक्ष्य निर्धारण गरिएको छ ।

कम्तीमा सात महीनाको वस्तु तथा सेवा आयात धान्न पुग्नेगरी विदेशी विनिमय सञ्चिति कायम गर्नेगरी नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको संरचना र लक्ष्य तय गरेको हो ।

केन्द्रीय बैंकले आज सार्वजनिक गरेको चालू आर्थिक वर्षको मौद्रिक नीतिमा विदेशी विनिमय सञ्चितिमा टेवा पुग्नेगरी व्यवस्था गरेको हो ।

यस्तै, विदेशी विनिमय सञ्चितिले आयात धान्ने क्षमता र वार्षिक लक्षित मुद्रास्फीतिका आधारमा नीतिगत दर तय गर्ने भएको छ । नेपाली मुद्राको भारतीय मुद्रासँग स्थिर विनिमयदरलाई मौद्रिक नीतिको अङ्कुशका रूपमा यथावत् राखिएको छ ।

बैंक तथा वित्तीय संस्थाको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदरलाई सञ्चालन लक्ष्यका रूपमा यथावत् राखिएको छ। मौद्रिक नीतिले सञ्चालन लक्ष्यको स्थितिको आधारमा सक्रियरूपमा खुला बजार कारोबार सञ्चालन गरी अन्तरबैंक ब्याजदरलाई ब्याजदर करिडरभित्र राख्ने लक्ष्य राखेको छ ।

यस्तै, मुद्रास्फीतिलाई ६.५ प्रतिशतभित्र कायम राख्न मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिनेगरी मौद्रिक व्यवस्थापन गर्ने लक्ष्य राखेको छ।

सरकारको चालू आवको वार्षिक बजेट वक्तव्यले लक्षित गरेबमोजिम छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्नेगरी वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गर्ने प्राथमिकता केन्द्रीय बैंकले तय गरेको छ।

यस्तै, चालू आवमा विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशत र बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ जाने कर्जा ११.५ प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

**आवासीय घरकर्जाको सीमा बढाइयो**

नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिमार्फत आवासीय घर कर्जाको सीमा बढाएको छ । "पहिलो आवासीय घर कर्जाको सीमा रु एक करोड ५० लाखलाई वृद्धि गरी रु दुई करोड पुऱ्याइनेछ," राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत भनेको छ । त्यस्तै, नेपालका बैंक तथा वित्तीय संस्थामा खाता खोली विप्रेषण पठाएमा कम्तीमा एक प्रतिशत थप ब्याज दिने व्यवस्थालाई राष्ट्र बैंकले चालू आर्थिक वर्षमा पनि निरन्तरता दिएको छ ।

चालू आर्थिक वर्षमा वित्तीय तथा मौद्रिक क्षेत्र सुधारका लागि विभिन्न कानूनी प्रक्रिया संशोधन तथा सुधारका नीति लिइने राष्ट्र बैंकको भनाइ छ । राष्ट्र बैंकको नियमन तथा सुपरीवेक्षणको काम चुस्त बनाउन विभिन्न नीति, ऐन, नियमावली तथा निर्देशिकामा संशोधन गरिने जनाइएको छ ।

"वित्तीय क्षेत्रको स्थायित्वलाई असर पुऱ्याउने गैरव्यावसायिक तथा उच्छृङ्खल गतिविधिलाई समेत नियन्त्रण गर्न सहयोग पुग्नेगरी विद्यमान बैंकिङ कसूर ऐन, २०६४ मा समसामयिक संशोधन प्रक्रिया अगाडि बढाइनेछ," चालू आर्थिक वर्षको मौद्रिक नीतिमा भनिएको छ, "पारस्परिक मूल्याङ्कनबाट प्राप्त सुझावसमेतका आधारमा सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित निर्देशनहरू जारी गरिनेछन् । साथै, सम्बन्धित कानूनको समसामयिक परिमार्जन गर्न र राष्ट्रिय रणनीति तर्जुमा गर्न सहजीकरण गरिनेछ ।"

निजी क्षेत्रले विरोध जनाइरहेको चालू पूँजी कर्जासम्बन्धी मार्गदर्शन पनि संशोधन गर्ने राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत जनाएको छ । "बैंक तथा वित्तीय संस्थाको सुझावसमेतको आधारमा चालू पूँजी कर्जासम्बन्धी मार्गदर्शनमा आवश्यक पुनरावलोकन गरिनेछ," मौद्रिक नीतिमा उल्लेख छ ।

त्यस्तै, प्राकृतिक प्रकोप वा अन्य विशेष परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीहरूको कर्जा पुनर्संरचनालगायतका व्यवस्था गरेर पुनरुत्थान तथा अन्य व्यवस्थापनका लागि बैंक तथा वित्तीय संस्थाले अवलम्बन गर्नुपर्ने उपाय र प्रक्रियालाई समावेश गरी 'स्ट्रेस्ड लोन रिजोलुसन फ्रेमवर्क' जारी गरिने राष्ट्र बैंकको भनाइ छ ।

वाणिज्य बैंकहरूको सम्पत्तिको गुणस्तर पुनर्मूल्याङ्कन गर्नुका साथै बैंक तथा वित्तीय संस्थाको आन्तरिक कर्जा जोखिम वर्गीकरण (इन्टरनल क्रेडिट रिस्क ग्रेडिङ) गर्नेसम्बन्धी मार्गदर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याइने मौद्रिक नीतिमा उल्लेख छ । त्यसैगरी, राष्ट्रियस्तरका विकास बैंकहरूले समेत पूर्णरूपमा क्यापिटल एडिक्वसी फ्रेमवर्क, २०१५ अनुसार पूँजीकोष कायम गर्नुपर्ने व्यवस्था लागू गर्ने राष्ट्र बैंकले चालू आवको मौद्रिक नीतिमा उल्लेख गरेको छ। नेपाल लेखामान अनुसार 'एक्स्पेक्टेड क्रेडिट लस मोडल' (इसिएल) कार्यान्वयनका लागि आवश्यक नीति तर्जुमा गरिने राष्ट्र बैंकको भनाइ छ । त्यस्तै, कर्जा प्रवाहको वर्तमान अवस्थासमेतको विश्लेषणको आधारमा तोकिएका क्षेत्रमा कर्जा लगानी गर्नुपर्नेसम्बन्धी विद्यमान व्यवस्थामा आवश्यक पुनरावलोकन गरिने राष्ट्र बैंकले बताएको छ ।

चालू आर्थिक वर्ष वार्षिक बजेटमा उल्लेख भएबमोजिम बैंक तथा वित्तीय संस्थाबाट निश्चित सीमाभन्दा बढी कर्जा सुविधा उपयोग गर्ने ऋणीहरूले अनिवार्यरूपमा स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्था पुनरावलोकन गरिने मौद्रिक नीतिमा उल्लेख गरिएको छ ।

धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका प्राइभेट इक्विटी फन्ड तथा भेन्चर क्यापिटल फन्डमा बैंक तथा वित्तीय संस्थाबाट हुने लगानीलाई सहजीकरण गर्न विद्यमान लगानीसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने जनाइएको छ। चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत 'क्रेडिट स्कोरिङ' मापन गर्ने प्रणालीको विकास गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिने पनि राष्ट्र बैंकको भनाइ छ ।

चालू आर्थिक वर्षको २०८०/८१ को वार्षिक बजेटमा उल्लेख भएबमोजिम बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन तथा सुपरीवेक्षणका लागि छुट्टै विशिष्टिकृत नियामक निकाय स्थापना गर्न आवश्यक सहजीकरण राष्ट्र बैंकले गर्ने मौद्रिक नीतिमा व्यवस्था गरिएको छ ।

त्यस्तै, बैंक तथा वित्तीय संस्था तथा अन्य भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूबीच ग्राहकको सूचना आदानप्रदान गर्ने कार्यलाई सहज बनाउन र नेपाल सरकारले जारी गरिरहेको राष्ट्रिय परिचयपत्रसमेतलाई केन्द्रीय ग्राहक पहिचान (सेन्ट्रलाइज्ड केवाइसी) प्रणालीमा आबद्ध हुनेगरी केन्द्रीय ग्राहक पहिचान प्रणालीको निर्माण तथा कार्यान्वयन गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिने जनाइएको छ।

**मौद्रिक नीति : कर्जाको जोखिम भार व्यवस्था पुनरावलोकन गरिने**

नेपाल राष्ट्र बैंकले शेयर धितो, सवारीसाधन र घरजग्गासम्बन्धी कर्जामा रहेको विद्यमान जोखिम भारसम्बन्धी व्यवस्थापन पुनरावलोकन गर्ने बताएको छ ।

केन्द्रीय बैंकले आज सार्वजनिक गरेको चालू आर्थिक वर्षको मौद्रिक नीति पुनरावलोकन गरिने उल्लेख छ । शेयर धितो कर्जामा उपलब्ध हुने रु २५ लाखसम्मको कर्जाको जोखिम भार हाल १०० प्रतिशत छ। यस्तै, सोभन्दा माथिको कर्जाको जोखिम भार १५० प्रतिशतसम्म राख्नुपर्ने व्यवस्था छ ।

उक्त व्यवस्थामा केही परिमार्जन हुने केन्द्रीय बैंकको पछिल्लो नीतिले सङ्केत गरेको छ । यससम्बन्धी थप व्यवस्था भने छिट्टै सार्वजनिक हुने निर्देशनमा समेटिनेछ ।

यसअघि शेयर धितो कर्जाको अधिकतम सीमा रु १२ करोड बराबर कायम गरिएको थियो। आज सार्वजनिक नीतिले त्यसमा पुनरावलोकन गर्ने सङ्केत भने गरेको छ ।

यसअघि नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ र नेपाल अफ चेम्बर अफ कमर्सले संयुक्तरूपमा व्यापारिक प्रयोजनका सवारीसाधन, शेयर कर्जा, घरजग्गा लगायतमा लाग्दै आएको जोखिम भार १५० प्रतिशतलाई पुनरावलोकन गरी १०० प्रतिशत मात्र हुने व्यवस्था गर्न सुझाव दिएका थिए ।

**मौद्रिक नीति : सहकारी संस्थाको नियमनका लागि विशिष्टिकृत निकाय स्थापना गरिने**

नेपाल राष्ट्र बैंकले बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमनका लागि छुट्टै विशिष्टिकृत नियामक निकाय स्थापना गर्न आवश्यक सहजीकरण गर्ने भएको छ ।

सहकारी संस्थाका बेथिति लगातार सार्वजनिक भइरहेको तथा अनेकन असन्तुष्टि सार्वजनिक भइरहेको अवस्थालाई मध्यनजर गरेर केन्द्रीय बैंकले समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने भएको हो ।

आज सार्वजनिक भएको चालू आर्थिक वर्षको मौद्रिक नीतिमा भनिएको छ, "आर्थिक वर्ष २०८०/८१ को नेपाल सरकारको बजेटमा उल्लेख भएबमोजिम बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन तथा सुपरीवेक्षणका लागि गरिनेछ ।"

सरकारले चालू आवको बजेटमा सहकारी संस्थाको बेथिति नियमन गर्न आवश्यक व्यवस्था गर्ने उल्लेख गरेको छ ।


**विदेश भ्रमणमा जाँदा २५ सय डलर सटही सुविधा**

विदेश भ्रमणमा जाने नेपाली नागरिकले पाउने सहटी सुविधा बढेको छ ।

नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालू आर्थिक वर्षको मौद्रिक नीतिमा भारतबाहेक अन्य मुलुकको भ्रमणमा जाने नेपाली नागरिकलाई राहदानी सुविधाबापत एक वर्षमा दुईपटकसम्म अमेरिकी डलर अढाई हजारसम्म सटही सुविधा उपलब्ध गराउने भएको हो । हाल त्यस्तो सुविधा अमेरिकी डलर डेढ हजार बराबर मात्रै थियो ।

यसअघि वैदेशिक मुद्रा सञ्चितिमा चाप परेको भन्दै केन्द्रीय बैंकले न्यून मात्रामा मात्रै डलर सटही सुविधा पाउने व्यवस्था गरेको थियो । हवाई सेवा प्रदायकहरूलाई आवश्यक पर्ने विभिन्न सेवा शुल्कको भुक्तानी विदेशमा गर्दा नियामक निकायको स्वीकृतिमा वा तोकिएका कागजातसमेतको आधारमा अमेरिकी डलर एक लाख वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको रकम 'क' वर्गका वाणिज्य बैंकमार्फत पठाउन सकिने व्यवस्था गरिएको छ ।

कोभिड–१९ को प्रकोप र प्रभाव न्यून हुँदै गएको हुँदा विदेशी मुद्रामा लिएको ऋण नेपाली रुपियाँमा भुक्तानी गर्न सकिने विद्यमान व्यवस्था मौद्रिक नीतिमा हटाइएको छ। बैंक तथा वित्तीय संस्थाले यस बैंकको स्वीकृतिमा भित्र्याएको बाह्य ऋणमा अन्तर्निहित विदेशी विनिमय जोखिम व्यवस्थापनका लागि स्वापलगायतका उपकरणका सम्बन्धमा गरिएको अध्ययनका आधारमा त्यस्ता उपकरण उपलब्ध हुने व्यवस्था गरिने भएको छ ।



**नेपालकै लामो झोलुङ्गे पुलः** बागलुङको बाङ्गेचौर र पर्वतको अदुवाबारी जोड्नेगरी कालीगण्डकी नदीमाथि निर्माण भएको ५६७ मिटर लामो झोलुङ्गे पुल। पछिल्लो समय यो पुलमा घुम्न आउनेको सङ्ख्या बढ्दै गएको छ। तस्वीरः रासस

## फरक समाचार

### हैकरको नयाँ हतकण्डा

संसारमा स्क्यामको नयाँ–नयाँ मामिला र ट्रिक सुन्न पाइन्छ । स्कैमर्सले सोझासाझा व्यक्तिलाई धोका दिएर उनीहरूको बैंक खाताबाट लाखौं रकम चट् पार्ने गर्छन् । हालै हैकर्सले नयाँ हतकण्डा प्रयोग गरिरहेका छन् । पोलिश फाइनेन्शियल सुपरभिजन अथोरिटीका कम्प्युटर सिक्योरिटी इन्सिडेन्ट रेस्पोन्स टीमले हैकर्सको नयाँ ट्रिक्सको रहस्योद्घाटन गरेको छ ।



शोधकर्ता टीमका अनुसार साइबर अपराधीहरूले बैंकका ग्राहकलाई टेक्स्ट म्यासेज पठाउने गर्छन्, जसमा लेखिएको छ, तपाईंले आफ्नो मोबाइल बैंकिङ एप अपडेट गर्नुहोला । साथै उनीहरूले सन्देशमार्फत एउटा लिङ्क पठाएका हुन्छन् । प्रयोगकर्ताले एप अपडेट गर्न खोज्दा त्यो लिङ्क गूगल प्ले स्टोरवा अन्य कुनै आधिकारिक एप स्टोरको सट्टा वेबएपिके टेक्नोलोजीको प्रयोग गरेर सो एप प्रयोगकर्ताको मोबाइलमा इन्स्टल हुन्छ ।

प्रयोगकर्ताको फोनमा नोटिफिकेशनविना नै यो एप फाइल इन्स्टल हुन्छ र प्रयोगकर्ताको सम्पूर्ण लगइन डिटेल हैक गरेर उसको बैंक खाता खाली गर्न सक्छन् । तसर्थ हैकर्सबाट बच्न जथाभावी एप इन्स्टल नगर्ने, अन्जान स्रोतबाट एप इन्स्टल नगर्ने, सन्देशमा आएको लिङ्कमा क्लिक नगर्ने र सम्बन्धित बैंकबारे सोधपुछ गर्नुपर्छ ।

### एन्ड्रोइड प्रयोगकर्ताको लागि च्याटजिपिटी एप आउँदै

चर्चित च्याटजिपिटी अब चाँडै एन्ड्रोइड फोनमा पनि लन्च हुन गइरहेको छ। कम्पनी ओपेनएआईले यस एपलाई गूगल प्ले स्टोरमा लिस्टेट गरेको जनाएको छ। एप्पल प्रयोगकर्ताको लागि च्याटजिपिटी ऐप पहिले नै जारी




भइसकेको छ। ट्वीट गर्दै ओपेनएआईले भनेको छ, आगामी साता यो एन्ड्रोइड प्रयोगकर्ताको लागि लन्च हुनेछ। गूगल प्ले स्टोरमा २२ जुलाइदेखि प्रि अर्डर शुरू भइसकेको छ ।

मिडिया रिपोर्ट अनुसार जूनमा वेब ट्राफिक र एप इन्स्टलेशनमा निकै गिरावट देखिएको छ। केही प्रयोगकर्ताले च्याटजिपिटीको नयाँ संस्करण जिपिटी–४ सुस्त र कम इन्टेलिजेन्स भएको बताएका छन् । ओपेनएआईले एन्ड्रोइडमा आउने आफ्नो एपमा निकै सुधार गरिएको बताएको छ ।

संसारमा च्याटजिपिटीसमेत अन्य एआई प्लेटफर्मको कारण लाखौंको जागीर खतरामा परेको छ। आगामी दिनमा यसले थुप्रै प्रोग्रामर्स र कोडिङ कम्पनीमा जागीर खानेहरूको जागीर चट हुने सम्भावना छ ।

### एक महीना माछामासु नखाए के हुन्छ ?

एक महीना माछामासु खान छाडेपछि हाम्रो शरीरमा थुप्रै फाइदा हुन्छ। जुन पोषक तत्त्व माछामासुमा पाइन्छ त्यो शाकाहारी खानाबाट पनि पाउन सकिन्छ । एक महीना माछामासु त्यागेमा हामीलाई क्रोनिक डिजिज हुने खतरा निकै कम हुन्छ। मुटु रोग, उच्च रक्तचाप, टाइप–२ मधुमेह र क्यान्सरको जोखिम कम हुन्छ ।



शाकाहारी खानेकुराले हाम्रो पाचनतन्त्रमा निकै सुधार ल्याउँछ। शाकाहारी खानेकुरा फाइबरले भरिपूर्ण हुन्छ, जसले हाम्रो कब्जको समस्यालाई रोक्छ। शाहाकारी खानेकुरामा भिटामिन्स, मिनरल्स, कम्प्लेक्स कार्बोहाइड्रेट प्राप्त हुन्छ जसले शरीरको ऊर्जाको स्तर बढाउँछ ।

मासांहारी खानेहरू निकै अल्छी हुने गर्छन् साथै उनीहरू ऊर्जाविहीन महसूस गर्छन् । मांसाहारी खानेकुराले हाम्रो शरीरमा सुन्निने समस्या बढाउँछ तर शाकाहारी खानेकुरा खाएपछि यो समस्या निकै हदसम्म कम हुने गर्छ । माछामासुले शरीरमा नचाहिंदो बोसो बढाउने गर्छ जसले गर्दा हाम्रो शरीरको वजन बढ्न थाल्छ। शाकाहारी खानेकुरामा क्यालोरी कम हुने र फाइबर बढी हुने हुँदा हाम्रो पेट भरिएको महसूस हुन्छ। बढी क्यालोरी भएको खानेकुरा खानुहुँदैन ।

मांसाहारीमा सैचुरेटेड र ट्रान्स फैट बढी हुन्छ, जसले हाम्रो शरीरमा कोलेस्ट्रोललाई बढाउँछ । एक महीनासम्म माछामासु त्यागेमा कोलेस्ट्रोलको लेभल निकै कम गर्न सकिन्छ तथा कार्डियोभैस्कुलर रोग हुने जोखिम पनि कम गर्छ ।

मांसाहारी खानेकुराले हामीलाई नोक्सान मात्र पुऱ्याउँदैन, यसको फाइदा पनि थुप्रै छ। तर माछामासु सीमित मात्रामा सेवन गर्नुपर्छ। बोसोरहित मासु र माछाले स्वास्थ्यमा थुप्रै फाइदा पुऱ्याउँछ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# महाराष्ट्रमा पहिरो: सत्ताइस जनाको शव भेटियो



तस्वीरः एजेन्सी

नयाँदिल्ली, ७ साउन/एएफपी

भारतको महाराष्ट्र राज्यमा गएको पहिरोमा परी २७ जनाको मृत्युभएको छभने कम्तीमा साठी जना बेपत्ता भएका छन् ।

मुम्बईबाट करिब एक सय किलोमिटर टाढा अवस्थित रायगड जिल्लाको एउटा गाउँमा बिहीवार मनसुनसँगै खसेको पहिरामा परी ज्यान गुमाएका २७ जनाको शव भेटिएका उद्धारकर्मीले बताएका छन् ।

"हामीले अहिलेसम्म २७ वटा शव फेला पारेका छौँ, करिब ६० जना अझै बेपत्ता छन्," आपत्कालीन सहायता टोलीका एक अधिकारीले भनेका छन् । भग्नावशेषमा खोजी भइरहेको रायगड जिल्ला अधिकारी योगेश म्हसेले आइतवार एएफपीलाई बताएका छन् ।

मूल सडकबाट करिब पाँच किलोमिटर टाढा घटनास्थल रहेको तथा त्यहाँ भारी यन्त्र पुग्ने बाटो नभएकाले मानिसले नै साना यन्त्रको सहयताले खोजी गरिरहेका उनले बताए ।

जिल्ला अधिकारी म्हसेले खोज तथा उद्धार चौथो दिनमा प्रवेश गरेको र जीवित भेटिनेमा आफू आशावादी नभएको बताएका छन् ।

# मदिराको मातमा मधुशालामा आगजनी, ११ जनाको मृत्यु

मेक्सिको सिटी, ७ साउन/सिन्ह्वा

उत्तरी मेक्सिकोमा मदिराले मातेको एक व्यक्तिले मधुशालामा आगो लगाउँदा ११ जनाको मृत्यु भएको छ भने अन्य चारजना घाइते भएका छन् ।

उत्तरी राज्य सोनोराको सान लुइस रियो कोलोराडोको एक बारमा शनिवार उक्त घटना भएको स्थानीय अधिकारीहरूले बताएका छन् । आक्रमणमा सातजना पुरुष र चारजना महिलाले ज्यान गुमाएका छन् । मदिराले मातेका एक अपरिचित व्यक्तिले आफूलाई बारका कर्मचारीले निकालेको झोकमा बारमा आगो झोसेको सोनोरा महान्यायाधिवक्ताको कार्यालयले जनाएको छ । मदोन्मत्त उसले बारमा रहेका महिलामाथि अभद्र व्यवहार गरेपछि उसलाई बारबाट निष्कासित गरिएको थियो । रासस

# अफगानिस्तानमा आइएसको उपस्थिति नरहेको दाबी

काबुल, ७ साउन/सिन्ह्वा/एएफपी

अफगानिस्तानको कामचलाउ सरकारले देशमा इस्लामिक स्टेट (आइएस) सङ्गठनको उपस्थिति नरहेको दाबी गर्दै त्यस सम्बन्धमा सार्वजनिक विवरण आधारहीन भएको बताएको छ । साथै उसले ती विवरणको खण्डन पनि गरेको छ ।

अफगानिस्तानको इस्लामिक इमिरेट्सले कसैलाई अफगानिस्तानको राष्ट्रिय सुरक्षामा खलल पार्ने वा हाम्रो भूमि अरूका विरुद्धमा प्रयोग गर्न नदिने कार्यवाहक सरकारका विदेश मन्त्रालयका प्रवक्ता अब्दुल काहार बल्खीले स्पष्ट गरेका छन् ।

इरानका एकजना वरिष्ठ कूटनीतिज्ञले आतङ्कवादी समूह आइएसका कार्यकर्तालाई सिरिया, लिबिया र इराकबाट अफगानिस्तानमा सारिएको दाबी गरेपछि प्रवक्ता काहारको उक्त स्पष्टीकरण आएको हो ।

"हामी इरानी विदेशमन्त्रीले इराक, सिरिया र लिबियाबाट आइएसका नेतालाई अफगानिस्तानमा सारिएको दाबी गर्ने आरोपलाई अस्वीकार गर्छौं," बल्खीले ट्वीट गरेका छन् ।

यसअघि अफगान सुरक्षा बलहरूले आइएससँग सम्बद्ध दर्जनौं कार्यकर्तालाई मारेको र गिरफ्तार गरेका थिए । चरमपन्थी सशस्त्र समूहले राजधानी काबुलमा मस्जिद, होटल र विदेश मन्त्रालयका कर्मचारीलगायत धेरैजनामाथि भएका घातक हमलाको जिम्मेवारी लिएको थियो ।

**अफगानिस्तानमा बाढीः १२ जनाको मृत्यु, ४० जना बेपत्ता**

मध्य अफगानिस्तानमा भीषण वर्षासँगै आएको बाढीमा परेर कम्तीमा १२ जनाको मृत्यु हुनका साथै अन्य ४० जना बेपत्ता भएका छन् ।

सरकारी प्रवक्ता जबिहुल्लाह मुजाहिदका अनुसार मैदान वर्दक प्रान्तको जलरेज जिल्लामा बाढीमा परेर १२ जनाले ज्यान गुमाएका तथा ४० जना बेपत्ता भएका छन् ।

बाढी प्रभावित क्षेत्रमा तत्काल सहायता परिचालन गरिएको छ । बाढीले केही स्थानमा आर्थिक क्षति पनि भएको छ ।

गत वर्षको अगस्तमा अफगानिस्तानको पूर्वी, मध्य, दक्षिणी र पश्चिमी क्षेत्रका धेरै प्रान्तमा परेको मुसलधारे वर्षाको कारण अचानक आएको बाढीपहिरोमा परी १८० जनाको ज्यान गएको थियो भने कम्तीमा आठ हजार सर्वसाधारण विस्थापित भएका थिए । तीन हजारभन्दा बढी घर क्षतिग्रस्त भएका थिए । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कडाश्रम | वृष – ज्ञानोदय |
| मिथुन – भयचिन्ता | कर्कट – मित्रमिलन |
| सिंह – अतिथिआगमन | कन्या – सुयश |
| तुला – खर्चवृद्धि | वृश्चिक – धनलाभ |
| धनु – सफलता | मकर – राज्यलाभ |
| कुम्भ – रोगभय | मीन – व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


# बाल सुधारगृह स्थानीय तहलाई दिन मन्त्रालयको राय

काठमाडौं, ७ साउन/रासस

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बाल सुधारगृहको सञ्चालन/व्यवस्थापन स्थानीय तहबाट भएको खण्डमा सेवा, सुविधा र रेखदेखमा सहज र सरल हुने राय प्रस्तुत गरेको छ ।



राष्ट्रियसभा, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको आइतवारको बैठकमा मन्त्रालयका सचिव सुमनराज अर्यालले पूर्वाधारको कमी र सङ्ख्याको चापले कतिपय बालगृह उचित व्यवस्थापनमा चुनौती देखिएको बताए ।

उनले भने, "अहिले कतिपय बालगृहमा क्षमताभन्दा निकै बढी सङ्ख्यामा बालबालिका छन्, बाँके र ढकालटारमा पूर्वाधार निर्माण भएपछि निश्चित उमेरका बालबालिकालाई त्यहाँ स्थानान्तरण गरिनेछ, स्थानीय तहले व्यवस्थापन लिंदा सरसफाइ, पोषणयुक्त खाना उपलब्ध गराउन सहज हुनेछ ।"

मुलुकभित्र मोरङ, भक्तपुर, वीरगंज, मकवानपुर, नेपालगंज, डोटी, भैरहवा र पोखरामा बाल सुधारगृह सञ्चालनमा छन् । तीमध्ये गैरसरकारी संस्था युसेफको व्यवस्थापनमा भक्तपुर, पोखरा, विराटनगर र पोखरामा बालगृह सञ्चालनमा छन् ।

बालबालिकासम्बन्धी ऐनले मुद्दा दर्ता भएको मितिले १२० दिनभित्र किनारा लगाउनुपर्ने व्यवस्था भएपनि उक्त प्रावधान कार्यान्वयन नहुँदा चुनौती खडा भएको मन्त्रालयको भनाइ छ । बालगृहमा पुगेका बालबालिका संलग्न घटनाको फैसला आउन ढिलाइका कारण त्यहाँ बस्नुपर्ने समय लम्बिन गई चुनौती खडा भएको हो ।

केही समयअघि संसदीय अनुगमन टोलीले गरेको स्थलगत भ्रमणमा कतिपय सुधारगृहको क्षमताभन्दा दोब्बर बालबालिका रहेका र सबै उमेर समूहलाई एकै स्थानमा राखिएका कारण हिंसाका घटनाको सम्भावना देखिएको उल्लेख गरेको छ ।

सुधारगृहमा शिक्षक र अध्ययनका सिलसिलामा आवश्यक प्रयोगशाला अभाव देखिएको तथा न्यूनतम सरसफाइ र खानेपानीको अभाव रहेको समितिको निष्कर्ष छ । बैठकमा समिति सदस्य मदनकुमारी शाहले ठिमीलगायत कतिपय बाल सुधारगृहको व्यवस्थापन हेर्दा लज्जाबोध भएको तथा भान्सा र खानेपानीसमेत दुर्गन्धित रहेको पाइएको बताइन् ।

उनले भनिन्, "भान्सा दुर्गन्धित, व्यवस्थापन खतम, बाँच्नका लागि बाँचे पनि नारकीय जीवन त्यहाँका बालबालिकाले बिताइरहेका छन् । सुधार होइन, प्रताडित गृहका रूपमा रहेको पाइयो ।"

समितिका सभापति मायाप्रसाद शर्मालगायतका सदस्यले बैठकमा भक्तपुरमा रहेको मङ्गला–साहना पुनर्स्थापना केन्द्र, गोठाटारमा रहेको ज्येष्ठ नागरिक आवास तथा अस्पताल, मुलुकका विभिन्न स्थानमा रहेका बाल सुधारगृहलगायतका विषयमा मन्त्रालयका पदाधिकारीको ध्यानाकर्षण गराउँदै उचित व्यवस्थापनका लागि ध्यान पुऱ्याउन सुझाव दिए ।

संसदीय टोलीले ५० जना क्षमता रहेको विराटगनगरको बाल सुधारगृहमा दुई सयभन्दा बढी बालक रहेको तथा कतिपय त्यससम्बन्धी पूर्वाधार निर्माणमा सङ्घ र स्थानीय तहबीच समन्वय नरहेको पाइएको उल्लेख गरेको छ ।

### बैंक तथा वित्तीय संस्था ...

व्यवस्थामा पुनरावलोकन गरिनेछ," भनी उल्लेख गरिएको छ ।

"दुई वर्षअघि लागू गरिएको शेयर धितो कर्जाको जोखिम २५ लाखभन्दा सानो कर्जामा एक सय प्रतिशत जोखिम भार लागू हुने र त्योभन्दा बढीको हकमा १५० प्रतिशत लागू हुने व्यवस्था गरिएको थियो । त्यो २५ लाखको थ्रेसहोल्डलाई रु ५० लाखसम्म बनाउन सकिने गरी राष्ट्र बैंकले नयाँ व्यवस्था गर्न लागेको हो," गभर्नर महाप्रसाद अधिकारीले भने, "घरजग्गा व्यवस्थापनमा जुन संस्थाहरू सरकारको नियम अनुसार इजाजत लिएर काम गरिरहेका छन्, त्यस्तो आवासीय घर निर्माणका लागि प्रदान गरिने कर्जामा १५० प्रतिशतलाई एक सय प्रतिशत बनाउन लागिएको छ ।"

सबै खालका घरजग्गा कर्जामा भने यो व्यवस्था लागू नहुने गभर्नर अधिकारीले स्पष्ट पारे । त्यस्तै, सानो आकारको सवारी कर्जाको जोखिम कम गर्न खोजिएको पनि उनको भनाइ छ । विद्यमान जोखिम भारसम्बन्धी व्यवस्थामा पुनरावलोकन गर्नेबारे राष्ट्र बैंकको बोर्डमा छलफल भइसकेको र यो विषयसँग सम्बन्धित परिपत्र चाँडै जारी गरिने गभर्नर अधिकारीले बताए ।

उत्पादनसँग जोड्ने गरी उद्यमशीलता र साना तथा मझौला खालका कर्जा विस्तारलाई मौद्रिक नीतिले प्राथमिकतामा राखेको गभर्नर अधिकारीको भनाइ छ । "उद्यमशीलता कर्जा ससाना व्यवसायले पनि पाउनुपर्छ भन्ने हो । व्यापारभन्दा पनि उत्पादनसँग जोडिएका साना र मझौला उद्योगलाई प्रशय दिने नीति राष्ट्र बैंकले लिन्छ," उनले भने ।

सहुलियतपूर्ण कर्जा पहुँचवाला व्यक्तिले मात्रै उपयोग गरेको र सर्वसाधारण नागरिकले यो सुविधा पाउन नसकेको गुनासो आउने गरे पनि त्यसको स्वतन्त्र पुष्टि भए कारबाहीको प्रक्रिया थालिने उनको भनाइ छ ।

त्यस्तै, गत वर्ष कात्तिकदेखि लागू भएको चालू पूँजी कर्जा मार्गदर्शन तीन महीनाभित्र संशोधन गरिने पनि राष्ट्र बैंकले जनाएको छ । निजी क्षेत्रलाई व्यवसाय गर्ने वातावरण तयार पार्नका लागि आवश्यक मार्गदर्शनमा आवश्यक संशोधन गर्न सकिने गभर्नर अधिकारीको भनाइ छ । "गत कात्तिकमा लागू भएपछि पनि एकपटक संशोधन भइसकेको यो मार्गदर्शन बैंक–वित्तीय संस्थाको छलफलपछि थप आवश्यक संशोधन गर्न सकिन्छ । सधैं यही हो भन्ने हुँदैन," उनले भने, "मार्गदर्शनको मूल सिद्धान्त र मूलभाव नै हट्ने गरी संशोधन गर्न खोजिएको होइन । व्यवसाय गर्नका लागि केही अप्ठ्यारो परेको छ भने त्यसलाई सम्बोधन गर्न सकिन्छ ।"


वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट आन्तरिक आय शीर्षकहरूबाट कर शुल्क सङ्कलन कार्यको लागि ठेक्का बन्दोबस्त गर्न मिति २०८०/०२/२७ गतेको राष्ट्रियस्तरको सौर्य दैनिक पत्रिकामा र मिति २०८०/०२/३२ गतेको राष्ट्रियस्तरको जनसवाल दैनिक पत्रिकामा ३० दिने सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र पेश गर्न आह्वान गरिएकोमा रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरू कार्यालय प्रतिनिधि एवं बोलपत्रदाता/निजका प्रतिनिधिको रोहबरमा खोलिइएका बोलपत्रहरू मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा पठाइएकोमा उक्त समितिबाट प्राप्त बोलपत्रहरूमध्ये सबैभन्दा उच्चतम ठेक्का अङ्कमा सकार गर्ने निम्नानुसारका बोलपत्रहरू सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भई आएका हुँदा सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ (२)को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना जारी गरिएको छ ।

| सिनं | बोलपत्रको नाम र ठेगाना | आय शीर्षक | ठेक्का सकार अङ्क (मूअकरबाहेक) | ठेक्का अवधि |
|---|---|---|---|---|
| १. | श्री अरविन्द्र साह कलवार महागढीमाई नपा–३, गंजभवानीपुर, बारा | मीनाबजार सपिङ कम्प्लेक्स | रु.४,५५,५५,५५५।– | आव २०८०/०८१ देखि २०८२/८३ सम्म (३ वर्ष) |
| २. | श्री साहिल आलम वीरगंज महानगरपालिका–१६, पर्सा | वडा नं १६ मा रहेको माईधिया पोखरी | रु.५२,००,०००।– | आव २०८०/०८१ देखि २०८४/८५ सम्म (५ वर्ष) |
| ३. | श्री लतिफुर रहमान अन्सारी वीरगंज महानगरपालिका–१४, पर्सा | गण्डक सपिङ कम्प्लेक्स (सेड कोठा) | रु.१७,६२,५६०।– | आव २०८०/८१ देखि २०८२/८३ सम्म (३ वर्ष) |
| ४. | श्री सन्तोषकुमार श्रेष्ठ वीरगंज–११, श्रीपुर, पर्सा | वडा नं १८ भवानीपुर स्वास्थ्य चौकीनिरको पोखरी | रु.५,१०,०००।– | आव २०८०/८१ देखि २०८४/८५ सम्म (५ वर्ष) |
| ५. | श्री सकलदेव साह तुरहा वीरगंज–१७, अलौं, पर्सा | वडा नं १७ अलौं वडा कार्यालयनिर रहेको पोखरी | रु.२५,०५,०००।– | आव २०८०/८१ देखि २०८४/८५ सम्म (५ वर्ष) |
| ६. | श्री सन्तोषकुमार श्रेष्ठ वीरगंज–११, श्रीपुर, पर्सा | वडा नं २८ बगही वडा कार्यालयभन्दा पश्चिमतर्फ रहेको पोखरी | रु.५,१०,०००।– | आव २०८०/०८१ देखि २०८४/८५ सम्म (५ वर्ष) |



## यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



भारत, बिहारको रक्सौलमा खानेपानीको हाहाकार भएपछि रक्सौल नगरपरिषद्ले वडाहरूमा टयाङ्करमार्फत पानी वितरण शुरू गरेको छ। तस्वीरः नितेश कर्ण

# अनेरास्ववियुले शैक्षिक संस्थामा तालाबन्दी नगर्ने

काठमाडौं, ७ साउन/रासस

नेकपा (एमाले)निकट अनेरास्ववियुले शैक्षिक संस्थामा तालाबन्दी नगर्ने घोषणा गरेको छ।

अनेरास्ववियुले आइतवार आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा अबदेखि कुनै पनि विश्वविद्यालय तथा क्याम्पसमा तालाबन्दीका कुनै पनि कार्यक्रम नगर्ने सङ्गठनका अध्यक्ष समिक बडालले जानकारी दिए।

"अहिले तालाबन्दीका कारणले विश्वविद्यालय र क्याम्पस अस्तव्यस्त भएका छन्," उनले भने, "अबदेखि अखिलले कुनै पनि शैक्षिक संस्थामा तालाबन्दी गर्दैन, तल्लो कमिटीलाई तालाबन्दी नगर्न हामीले निर्देशन दिइसक्यौं।" अहिले नेपाल संस्कृति विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयमा विभिन्न विद्यार्थी सङ्गठनले तालाबन्दी गरेका छन्। अध्यक्ष बडालले तालाबन्दीका कारण विद्यार्थीको पठनपाठनसहित विश्वविद्यालय र क्याम्पस अस्तव्यस्त बन्ने भएकाले तालाबन्दीको विकल्पका रूपमा अन्य आन्दोलन गर्ने बताए। पत्रकार भेटघाटमा उनले सामुदायिक विद्यालय सुधार गर्न स्थानीय तहले गरेको कार्यलाई सहयोग गर्ने भनाइ राखे। उनले विश्वविद्यालयका पदाधिकारी नियुक्ति राजनीतिक नभई 'बोर्ड अफ ट्रस्ट'का आधारमा गर्न सरकारलाई दबाब दिने बताए।

# गण्डक नहरमा डुबेर बालकको मृत्यु



तस्वीरः प्रतीक

प्रस, परवानीपुर, ७ साउन/

गण्डक नहरमा डुबेर एकजना बालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा पर्सा, पकाहामैनपुर गाउँपालिका-१ धोरे घर भई हाल वीरगंज-११ श्रीपुरमा बस्दै आएका राजमोहनलाल कर्णका १४ वर्षीय छोरा शुभमकुमार कर्ण हुन्।

हिजो शनिवार दिउँसो साथीहरूसँग नुहाउन आएका शुभम नुहाउने क्रममा डुबेपछि उनका साथीहरू त्यहाँबाट भागेका र कसैले पनि परिवारजनलाई खबर गरेनन्। जसले गर्दा परिवारले खोजी कार्य शुरू गर्दै प्रहरीमा जानकारी गराएको थियो। आज बिहान गण्डक नहरको निर्माणाधीन गेटमा शुभमको लाश स्थानीय देखेपछि प्रहरीलाई खबर गरेका थिए।

घटनास्थलनजीकै गण्डक नहरको डिलबाट शुभमको कपडा फेला परेको छ। शव परीक्षणको लागि नारायणी अस्पतालमा राखिएको र अनुसन्धान भइरहेको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले बताए।





# खेलकूदको संसार

## नासिरको जापानमा नयाँ कीर्तिमान

काठमाडौं, ७ साउन/रासस

नासिर याहचा हुसेनले जापानको फुकुओकामा आयोजना भएको वर्ल्ड एक्वाटिक च्याम्पियनशिप-२०२३ मा आफ्नो नाममा नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका छन्।

नासिरले चार सय मिटर फ्रिस्टाइलमा चार मिनेट ८.२३ सेकेन्ड समय खर्चंदै आफ्नो नाममा नयाँ कीर्तिमान कायम गरेको फुकुओकाबाट नेपाल पौडी सङ्घका अध्यक्ष अशोक बज्राचार्यले जानकारी दिए। उक्त स्पर्धामा यसअघि नासिरको नाममा चार मिनट १२.१७ सेकेन्ड समयको कीर्तिमान रहेको थियो। नासिरले उक्त कीर्तिमान गत असारमा आयोजना भएको ११ औं एनएसए कप पौडी प्रतियोगितामा राखेका हुन्।

अब भोलि नासिरले पुरुष २०० मिटर फ्रिस्टाइल र गौरिका सिंहले १०० मिटर ब्याकस्ट्रोकमा प्रतिस्पर्धा गर्नेछन्।

# वडाध्यक्ष र व्यापारीबीच छलफल



तस्वीरः प्रतीक

नरेश यादव, पर्सागढी, ७ साउन/

जीतपुरसिमरा उपमहानगरपालिका-७ स्थित राजेश्वर गिरी फकिरा गिरी माविको सटर भाडामा लगाउन छलफल भएको छ।

वडाध्यक्ष सुनील गुप्ताको अगुवाइमा व्यापारीहरूसँग आइतवार छलफल भएको हो।

विद्यालयको आर्थिक भार बढेपछि विद्यालयका सटरको भाडा बढाउन छलफल गरिएको वडाध्यक्ष गुप्ताले बताए।

व्यापारीहरूले पनि अहिले आर्थिक मन्दी भइरहेको र व्यापार-व्यवसाय चलायनमान नरहेको अवस्थामा भाडावृद्धिको विकल्प खोज्न आग्रह गरेका थिए। वडाध्यक्ष गुप्ताले छलफलमा प्रतिसटर एक हजार रुपैयाँ भाडा वृद्धि गर्ने निर्णय भएको बताए।

# खानेपानी र विद्युत्लाई जनमतको ध्यानाकर्षण

प्रस, वीरगंज, ७ साउन/

जनमत पार्टी, पर्साले पानीको अभाव र लोडसेडिङ समस्या समाधानको माग गर्दै नेपाल खानेपानी संस्थान र नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रका प्रमुखको ध्यानाकर्षण गराएको छ।



तस्वीरः सौजन्य

पर्सा संयोजक ओमप्रकाश सर्राफ नेतृत्वको टोलीले आइतवार खानेपानी संस्थान र विद्युत् प्राधिकरणमा पुगेर ध्यानाकर्षण गराएको थियो। टोलीमा सहसंयोजक रामजी रौनियार, सचिव राजनारायण मिश्रलगायतको सहभागिता थियो।

# तीनवटा विद्यालयमा शैक्षिक सामग्री वितरण



तस्वीरः प्रतीक

प्रस, पर्सागढी, ७ साउन/

वीरगंज महानगरपालिका-३१ को आर्थिक लगानीमा वडा अन्तर्गत तीनवटा विद्यालयमा शैक्षिक सामग्री वितरण गरिएको छ।

श्रीरामजानकी आधारभूत विद्यालय बेलवा, उन्नति आवि इस्लामपुर, आदर्श बालबालिका आवि बेलवामा कक्षा १ देखि ५ सम्मका ५२५ जना बालबालिकालाई ब्यागलगायतका शैक्षिक सामग्री वितरण गरिएको वडाध्यक्ष जीतेन्द्र यादवले बताए। उनले शिक्षालाई प्राथमिकतामा राखेको बताउँदै आफ्नो वडाका कुनै पनि बालबालिका अध्ययनबाट वञ्चित हुन नदिने बताए। उनले वडामा रहेका विद्यालयहरूको आफूले निगरानी गरिरहेको बताए।

कार्यक्रममा वडासदस्य शेख अमरूल हसन, वडासचिव राजेश साह, प्रअ आलोक श्रीवास्तव, समाजसेवी बालेश चौधरी, वीरेन्द्र चौधरीलगायतको सहभागिता थियो।

# नेराआवि इनर्वामा छात्रवृत्ति वितरण

प्रस, वीरगंज, ७ साउन/

वीरगंज महानगरपालिकाका उपप्रमुख



तस्वीरः फाइल

इम्तियाज आलमले नेपाल राष्ट्रिय आधारभूत विद्यालय वीरगंज-१६ इनर्वाका छात्रा र दलित छात्रलाई छात्रवृत्ति वितरण गरेका छन्।

उपप्रमुख आलमले १७५ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्दै छात्रवृत्ति वितरण पारदर्शी किसिमले हुनुपर्ने बताए। उनले विद्यालयको अवस्था दयनीय रहेकोले सुधारको लागि वडा समितिलाई आग्रह गरे।

विद्यालयमा कक्षाकोठा, खानेपानीसहितको शौचालय निर्माण गर्न उनले जोड दिए।

प्रधानाध्यापक सन्देशकुमार चौहानको अध्यक्ष्यतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष प्रमोदकुमार यादव, उपप्रमुखका स्वकीय सचिव शेख हजरा, नेपाली काङ्ग्रेसका नेता धर्मराज यादव, राहुल गुप्तालगायतको सहभागिता थियो।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | |

## लम्पी स्किन ...

वडावडामा, गोठगोठमैं पुगेर पशु चिकित्सक एवं प्राविधिक टोलीले निश्शुल्क खोप लगाउने र उपचार गर्ने कार्यको थालनी गरेका छौं।"

नगरपालिकाको पशुपक्षी विकास शाखाले लम्की स्किन रोग नियन्त्रणका लागि प्राविधिक टोली खटाएर एक हजार पाँच सय खोप लगाएको बताए। शाखाका चिकित्सकसहितको प्राविधिक टोलीले वडावडामा घुम्ती शिविर नै सञ्चालन गरेर गोठगोठमैं पुगेर रोगको जाँच, निश्शुल्क खोप, निश्शुल्क औषधि वितरण गरी किसानलाई लम्की स्किन रोगबारे जनचेतनामूलक जानकारी गराएको छ।

नगरप्रमुख खत्रीसहित बाग्मती प्रदेशसभा सदस्य सुरेश श्रेष्ठले एक साता अगाडि बाग्मती प्रदेशका पशुपक्षी मन्त्री डा राजेन्द्र श्रेष्ठसँग भेटगरी लम्पी स्किन रोग नियन्त्रणका लागि पर्याप्त मात्रामा खोप एवं औषधिको व्यवस्था गर्न र पीडित किसानलाई तत्काल राहतको व्यवस्था गर्न माग गरेका थिए। महामारी नियन्त्रणका लागि नगरपालिकाले २४सैं घण्टा सेवा उपलब्ध गराउने व्यवस्था गरेको भन्दै उनले यो रोगबाट भएको क्षतिको विवरण सङ्कलन गर्ने कार्य भइरहेको जानकारी दिए।

समयमैं खोप नआउँदा महामारीले चरम रूप लिएपछि घरघरमा पालेका गर्भवती गाईदेखि दूध दिइरहेका गाईहरू मरेका छन्।

## सर्पको टोकाइबाट बचौं

- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- झाडी एवं खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुल प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियार रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड